रायमाझी प्रकरण निर्देशक मनोनित । पृष्ठ ५ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com
खबरपत्रिका साप्ताहिक



● मकवानपुर, वर्ष-१४, ● अंक-२३ ● २०७८ पुस ५ गते सोमबार, ● 20 Dec. 2021, ● नेपाल सम्वत्-११४२, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## फोनिज मकवानपुरले अक्षयकोष स्थापना गर्ने

◆ विकास संवाददाता

आदिवासी जनजाति अगुवा पत्रकार लाई सम्मान/पुरस्कार प्रदान गर्न तथा तालिम संचालन र आपतकालिन सहयोग गर्न अक्षय कोष स्थापना गरिने भएको छ । नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) मकवानपुरको पाँचौ जिल्ला अधिवेशनबाट नवनिर्वाचित कार्यसमितिको पहिलो बैठकले कोषमा सहयोग गर्न सहयोगीहरूलाई अनुरोध पनि गरेको छ ।

फोनिज मकवानपुरका अध्यक्ष अशोकसुजन श्रेष्ठको अध्यक्षतामा हेटौंडामा बसेको बैठकले मकवानपुरका आदिवासी जनजाति पत्रकारको विस्तृत तथ्यांक संकलन गर्ने निर्णय समेत गरेको छ । फोनिज मकवानपुरकी सचिव रूपा गुरूङ संयोजक तथा सहसचिव मनिता राना र सदस्य भुपेन्द्र राना मगर सदस्य रहेको उपसमिति गठन गरिएको छ ।

यस्तै, फोनिज बागमती प्रदेश महाअधिवेशनलाई भव्य रूपमा सम्पन्न गर्न फोनिज मकवानपुरले आवश्यक सबै सहयोग गर्ने निर्णय गरेको सचिव गुरूङले बताईन् । फोनिज मकवानपुरको वार्षिक कार्ययोजना बनाउँन आदिवासी अगुवा, पत्रकार तथा फोनिजका उच्च नेतृत्वसँग समन्वय गर्ने निर्णय गरिएको उनले बताईन् । बैठकले फोनिज मकवानपुरको चौथो जिल्ला अधिवेशनबाट चयन भएको कृष्ण सारू मगर नेतृत्वको निवर्तमान कार्यसमिति र फोनिजको संघीय अनुशासन विभाग प्रमुख कुमार नेगीको संयोजकत्वको निर्वाचन समितिलाई धन्यवाद ज्ञापन गर्ने निर्णय पनि गरेको छ ।

### स्थनीय तह र प्रदेशका लागि विशेष र समपुरक अनुदान

# पुस भित्रै प्रस्ताव पेश गर्न आग्रह

विकास संवाददाता
थाहानगर

राष्ट्रिय योजना आयोगले आगामी आर्थिक वर्ष २०७९/८० का लागि संघीय समपुरक एवं विशेष अनुदानअन्तर्गत सञ्चालन गरिने आयोजना तथा कार्यक्रमका लागि प्रस्ताव माग गरेको छ । सबै प्रदेश तथा स्थानीय तहले समपुरक र विशेष अनुदानअन्तर्गत कार्यान्वयन हुने आयोजनाको प्रस्ताव पुस मसान्तभित्रमा आयोगमा बुझाइसक्नु पर्नेछ । यस्तो प्रस्ताव विद्युतीय (अनलाइन) प्रणालीबाट मात्र पेश गर्न सकिने आयोगले जनाएको छ ।

हरेक वर्ष संघीय सरकारले समपुरक र विशेष अनुदानमा प्रदेश र स्थानीय तहलाई बजेट छुट्याउँछ । समपुरक अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि २०७७ र विशेष अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि २०७७ मा व्यवस्था भएबमोजिम त्यस्तो अनुदान रकम पाउनका लागि प्रदेश र स्थानीय तहले निश्चित प्रकृया पुऱ्याएर प्रस्ताव हाल्नुपर्छ । प्रस्ताव पेश गर्दा प्रदेशको हकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट स्थानीय तहको हकमा सम्बन्धित महानगरपालिका,





उपमहानगरपालिका, नगरपालिका वा गाउँपालिकाबाट पेश गर्नुपर्ने आयोगले जनाएको छ ।

स्थानीय तहले प्रक्रिया पुऱ्याउन नजान्दा समपुरक र विशेष अनुदानका लागि पेश गरेका प्रस्तावहरू आयोगबाट अस्वीकृत हुने गरेका छन् । आयोगका अनुसार चालु आर्थिक वर्ष २०७८/७९ का लागि ६७ स्थानीय तहले समपुरक र १२७ स्थानीय तहले विशेष अनुदान पाएनन् । यी दुई शीर्षकमा जाने बजेट पाउनका लागि अधिकांश स्थानीय तहले तोकिएका मापदण्ड नै पुरा गर्न नसकेपछि अनुदान दिन नसकिएको आयोगले जनाएको छ ।

### कस्ता आयोजनाको प्रस्ताव हाल्ने ? के हुन् मापदण्ड ?

समपुरक र विशेष अनुदान पाउनका लागि स्थानीय तह र प्रदेशले निश्चित प्रकृया पुरा गर्नुपर्छ । तर कर्मचारीमा प्राविधिक ज्ञानको अभाव हुनु, कार्यपालिकाबाट आयोजना स्वीकृत हुन नसक्नु, अनलाइन प्रकृयाबाट प्रस्ताव पेश गर्न नसक्नुजस्ता कारण यस्तो अनुदानबाट स्थानीय तह वञ्चित हुनुपर्ने अवस्था छ । यद्यपि, सीमित स्रोत र अत्याधिक मागका बाबजुद पनि आयोजना माग भएर आएका हरेक स्थानीय तहलाई कम्तीमा एउटा आयोजना पार्नेगरी छनोट गरिएको योजना आयोगको दाबी छ ।

आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर), वातावरणीय प्रभाव मूल्यांकन (ईआईए), लागत अनुमानलगायत काजगात पुऱ्याउन नसक्दा पनि आयोजना अस्वीकृत हुने गरेका छन् । समपुरक र विशेष अनुदान पाउनका लागि यी कागजात अनिवार्य रूपमा समावेश गर्नुपर्छ । त्यस्तै, आयोजना वा कार्यक्रम अगाडि बढाउनका लागि स्थानीय तहले गरेको आधिकारिक निर्णय पनि योजना आयोगले खोज्ने गरेको छ । कार्यपालिका बैठकले पारित गरेको आयोजनालाई मात्र अनुदान पाउन योग्य ठानिन्छ ।

गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाले आयोजना प्रस्ताव गर्दा उनीहरूले खर्च गर्न पाउने रकमको सीमा पनि तोकिएको छ । सोही सीमाको दायराभित्र रहेर मात्रै कार्यक्रम तथा योजना प्रस्ताव हाल्नुपर्छ । प्रदेश सरकारबाट कार्यान्वयन हुने आयोजनाको हकमा २० करोडदेखि १ अर्ब रूपैयाँ लागतसम्मका आयोजना समपुरक अनुदानअन्तर्गत माग गर्न सकिन्छ । त्यस्तै, गाउँपालिका र नगरपालिकाबाट कार्यान्वयन गरिने आयोजनाको कुल लागत अनुमान १ देखि १० करोड रूपैयाँसम्मको सीमा तोकिएको छ । उपमहानगरपालिका र महानगर पालिकाले ५ देखि २५ करोड रूपैयाँसम्मका आयोजना प्रस्ताव गर्न पाउने कानुनी व्यवस्था छ ।

विशेष अनुदानका कार्यक्रमहरू प्रदेशको हकमा कम्तीमा १० करोड र स्थानीय तहको हकमा कम्तीमा ५० लाखदेखि बढीमा १० करोड रूपैयाँसम्मको सीमा तोकिएको छ । समपुरक अनुदानबाट कार्यान्वयन हुने कार्यक्रम तथा आयोजनाको वार्षिक अनुमानित खर्चको कम्तिमा ५० प्रतिशत रकम सम्बन्धित स्थानीय तह वा प्रदेश सरकारले सहलगानीको रूपमा छुट्याउनुपर्छ । समपुरक अनुदानको लागि रकम माग गर्ने आयोजना कम्तीमा तीन वर्षभित्रमा सम्पन्न गरिसक्नुपर्छ ।

समपुरक अनुदानका लागि पूर्वाधार निर्माणसँग सम्बन्धित आयोजना राखिएका छन् भने विशेष अनुदानका लागि शिक्षा, स्वास्थ्य, खानेपानी, समावेशीकरण तथा मुल प्रवाहीकरण, तहगत सन्तुलन, खाद्य सुरक्षा तथा पोषण, फोहरमैला व्यवस्थापन जस्ता क्षेत्रसँग सम्बन्धित आयोजना राखिएका छन् ।

## थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर

**सूचना ! सूचना !! सूचना !!!**

सूचना प्रकाशित मिति : २०७८/०८/१४

**यस थाहा नगरपालिका कृषि विकास शाखा इन्द्रायणी चौर मकवानपुरको आर्थिक वर्ष २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रत्येक महिनाको १० गते कृषक समूह र थाहा नगरपालिका कृषि शाखाबीच संचालन हुने गरेको मासिक बैठक कोरोनाको महामारीले स्थगित भएको र हाल अवस्था सामान्य हुँदै गएको हुँदा पुनः प्रत्येक महिनाको १० गते संचालन हुने जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।**

**बैठक हुने स्थान :**

**पालुङ बहुउद्देश्यीय सहकारी संस्थाको सभाहल, थानाबजार**



प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

## • सम्पादकीय •

### प्रधानमन्त्री रोजगार कार्यक्रममा नयाँ अभ्यास थालौं

नेपालमा चार वर्षअघि प्रारम्भ भएको प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन प्रक्रियामा सुधार गर्नुपर्ने देखिएको छ । विगतका वर्षामा उक्त कार्यक्रममा मूल्याङ्कम योग्य कुनै खास काम भएको थिएन । बाटो सफा गर्नेदेखि झाडी फँड्नेसम्मको काममा सीमित भए । तर यहि कार्यक्रमलाई थप व्यस्थित गर्न सकिन्छ । यसतर्फ पनि पालिकाहरुले योजनावद्ध रुपमा कार्य गर्नु पर्दछ । पालिकाहरुले थोरै मात्र सृजनशीलता देखाए भने पनि कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न सकिन्छ । स्थानीय तहले कार्यक्रम संचालनमा सामान्य परिमार्जन गरेर नगर वा गाउँ पालिकाको बजेटबाट गरिने विकास निर्माणमा रोजगार कार्यक्रमका जनशक्ति परिचालन गर्न सकेमा राम्रो नतिजा हासिल गर्न सकिन्छ । गाउँ वा नगरपालिकाले खानेपानीको नयाँ ट्यांकी निर्माण, पाइप बिछ्याउने, सिँचाइका कुलो निर्माणमा उक्त सूचीकृत जनशक्ति परिचालन गर्न सकिन्छ । यस कार्यले नगर वा गाउँपालिकाको थोरै बजेटबाट धेरै काम गर्न सकिन्छ । रोजगार कार्यक्रमका जनशक्ति त्यस्ता विकासमा लगाउन सकियो भने खानेपानी, सिँचाइजस्ता योनजाका लागि विनियोजन गरेको बजेटबाटै निर्माण कार्यमा संलग्नलाई ज्याला दिएर कार्यक्रमको प्रभावकारिता पनि बढाउन सकिन्छ ।

स्थानीय तहले रोजगार कार्यक्रमलाई राम्रो काममा प्रयोग गरेको देखिए पनि अधिकांश ठाउँमा भने त्यसको सदुपयोग भएको देखिँदैन । कतिपय स्थानीय तहले सडक आसपासमा झार उखेल्ने र बगेर आएको माटो सफा गर्ने काममा मात्र लगाएका छन् । असारमा उखेलिएको झार फेरि साउनमा पलाउँछ भने असारमा बाढीले बगाएर ल्याएको माटो फेरि साउनमा त्यस्तै गरी थुप्रिन्छ । तसर्थ यस्ता काममा ती जनशक्ति लगाउनुभन्दा विकास निर्माणमा लगाउनु राज्यका लागि हितकर हुने देखिन्छ । स्थानीय तहले रोजगार कार्यक्रमको जनशक्तिलाई परिमार्जन गरेर उत्पादनमूलक क्षेत्रमा लगाउने कोशिस गरे पनि सबै ठाउँमा त्यो काम हुनसकेको छैन । तीन वर्षमा करिब १० अर्ब बढि बजेट सकियो तर सरकारले ल्याएको विकासमा ती जनशक्तिबाट खासै सहयोग भएको छैन । सरकारले उक्त रोजगार कार्यक्रममा बजेट पठाउँदा नै स्थानीय तहलाई कुन–कुन काममा खर्च गर्ने भनेर पहिला नै प्रतिबद्धता जनाउन लगाउनुपर्नेछ । संघीय सरकारले कडाइ नगरेमा स्थानीय तहले आफ्ना कार्यकर्तालाई विनाकाम बजेट खर्च गरेर पाल्ने मेसो मात्र हुने देखिन्छ । राज्यको विकासमा योगदान नदिने कामका लागि ऋण नै लिएर खर्च गर्नु भनेको राज्यकोषको दुरूपयोग मात्र नभई चरम दुरूपयोग नै हो । यो दुरूपयोगलाई चाँडै नै रोक्नुपर्छ । यसमा नीति निर्माता र कार्यान्वयन गर्ने दुवै पक्षले बेलैमा ध्यान दिनुपर्छ ।

विगतका वर्षमा जस्तै गरी प्रधानमन्त्री रोजगार कार्यक्रम झार उखेल्ने, बाटोका माटो पन्छाउने काममा खर्च नहोस । कुनै पनि विकास निर्माणमा ती जनशक्ति परिचालन गर्न सकियो भने नगर वा गाउँले विकासका लागि विनियोजन गरेको बजेटबाट ज्याला दिनु परेन । ज्याला कटाएर विकास बजेट खर्च गर्न सकिन्छ । नगर वा गाउँपालिकाले सञ्चालन गर्ने योजना तर्जुमा गर्दा नै यी–यी योजनाका लागि कामदार भने रोजगार कार्यक्रमबाट व्यवस्था गरिनेछ भन्ने किटानी हुनेछ । यसले गर्दा प्रत्येक वडामा हुने विकास निर्माणको लागि स्थानीयले नै क्षमताअनुसार रोजगारी पाउने पक्का हुन्छ भने उपभोक्ता समितिबाट गरिने विकास निर्माणको योजनाको बजेट ज्यालामा खर्च हुनबाट रोक्न सकिनेछ । यसतर्फ योजना तर्जुमा गर्दा नै स्थानीय तहहरुले ध्यान दिन सके अपेक्षित उपलब्धि हासिल गर्न सहयोग पुग्नेछ ।



### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |



# समृद्धिको लागि स्थानीय विकास योजनाको महत्व



डा. माधव आधिकारी

नेपालको संविधानले स्वायत्तता र स्वशासनको अधिकारलाई प्रस्तावनामै आत्मसात् गरेको छ । संविधानको धारा ५६ ले लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र नेपालको राज्यशक्तिको प्रयोग तीनवटै तहले गर्ने व्यवस्था गरेको छ ।

यी तीनवटै तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित रहने परिकल्पनाका साथ संविधानले संघ, प्रदेश र स्थानीय तहका एकल अधिकारहरूको व्यवस्था गरेको पाइन्छ । नेपालको संविधानले सक्षम, स्वायत्त र जिम्मेवारी वहन गर्नसक्ने समावेशी स्थानीय तहको परिकल्पना गरेको छ ।

राज्य सञ्चालन विभिन्न तह र निकायबीच काम र अधिकारको दोहोरोपनको अन्त्य गरी नागरिकलाई प्रवाह गर्ने सेवाको प्रभावकारी व्यवस्थापन गर्न संविधानले स्थानीय तहको अधिकारको कार्यसूची व्यवस्था गर अनुरूपका कार्यसम्पादन गर्न ती एकाइहरू आर्थिकरूपमा आत्मनिर्भर र स्रोत परिचालन र व्यवस्थापनमा सक्षम हुनुपर्ने भई स्थानीय तहको पुनर्संरचना भएको पाइन्छ । मानव सभ्यता विकासको क्रममा मानवजाति राज्य सञ्चालनको प्रक्रियामा समावेश हुन थालेपछि अधिकार र दायित्वको बाँडफाँट बहस सुरू भएको हो । केन्द्रीकृत र विकेन्द्रीकृत राज्यपद्धतिको विषय नवीन होइन तर प्रजातान्त्रिक शासन पद्धतिको मौलिक मान्यता विकेन्द्रीकरण हो । केन्द्रमा रहेको शक्ति, अधिकार, दायित्व, साधन र स्रोत जति तल्लो निकाय तह र वर्गमा निःसृत हुँदै जान्छ त्यति नै प्रजातान्त्रिक शासन व्यवस्थाले सार्थकता पाएको ठानिन्छ । सोअनुसार, सिंहदरबारको अधिकार गाउँ-गाउँमा भन्ने भयो । सो क्रममा दिगो विकासको प्रक्रियालाई सबल बनाउन समाजमा रहेका कमजोर वर्गसम्म विकासको प्रतिफल पुग्न सकोस् भन्ने अभिप्रायले स्थानीय सरकारलाई समाज विकासको प्रमुख निकायको रूपमा प्रस्तुत गरियो ।

लोकतन्त्रको सफल प्रयोग आमजनताले अनुभूत गर्नसक्ने, सहभागी बन्नसक्ने, निर्णय निर्माण र निरूपणमा भूमिका खेल्ने सुशासन हुनसक्छ । सबै क्षेत्रका जनतालाई बढी अधिकारसम्पन्न र उत्तरदायी बनाउनुमा नै लोकतन्त्रको सार्थकता रहन्छ । आफ्नो राज्यको भाग्य निर्माण जनता आफैँले गर्दछन् । मुलुकको चौतर्फी विकास, जनताको सक्रिय सहभागिता जुटाई स्थानीय सरकारले विकासको लागि सुशासन सशक्त बनाउन सक्छ । लोकतन्त्रको मूल आधार स्थानीय सुशासन हो । स्थानीय सुशासनको भरमा प्रदेश र केन्द्रीय शासनको कार्यबोझ कम हुन्छ । राष्ट्रिय विकासको आधार भूमि नै स्थानीय सुशासन हो ।

सुशासन, विकास र लोकतन्त्रबीचको सम्बन्ध अन्तरक्रियात्मक छ । विकास र आर्थिक सुधारविना सुशासन सम्भव नहुने र सुशासनविना विकास सहज हुँदैन । लोकतन्त्र सुशासनको आधार हो । सुशासनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु र सुशासनको महत्व आम जनतालाई बुझाउन सक्नु नै स्थानीय सरकारसम्म कार्यान्वयनमा ल्याउनु हो । सुशासन साधन मात्र नभई साध्य समेत हो । यो शासनको गुणस्तरीय अवस्था हो, जहाँ सबै सरोकारवालाहरू मिलेर राष्ट्रिय उद्देश्य प्राप्त गर्न क्रियाशील रहन्छन् । नेपालमा संघ, प्रदेश र स्थानीय गरी तीन तहमा शासन सञ्चालन हुँदै आएको छ ।

नेपालको राजनीतिक इतिहासको कालखण्डको मूल्यांकन गर्दा स्थानीय सरकारमार्फत जनहितका कार्य गर्ने भएको देखिन्छ, तर राजनीतिक स्वार्थको कारण सफल कार्यान्वयनको अभाव रहेको छ । सुशासन वर्तमान समयमा पश्चिमाहरूले नवीन अवधारणाको रूपमा अगाडि सारे पनि पूर्वीय दर्शनमा यसको लामो इतिहास रहेको छ । नेपालमा सुशासनको अवधारणलाई अवलम्बन गर्ने प्रयासहरू भएका छन् । नेपालका मालिक नेपाली जनता हुन् । नेपाली जनता मालिक र राजनीतिक दलका नेता देश विकासका सहयोगी हुनुपर्दछ ।

नेपालको संविधानले माथि भनेजस्तै संघ, प्रदेश र स्थानीय तीन तहको सरकारको व्यवस्था गरेको छ । राज्यशक्तिको प्रयोग, संघ, प्रदेश र स्थानीय तहले गर्नेगरी स्थानीय तहको एकल तथा साझा अधिकार क्रमशः संविधानको अनुसूची ८ र ९ मा उल्लेख गरिएको छ । संविधानले स्थानीय तहलाई आफ्ना अधिकार क्षेत्रभित्रको प्राकृतिक र अन्य आर्थिक स्रोत संकलन र परिचलनका लागि जिम्मेवार बनाएको छ । स्थानीय तहले आफ्नो अधिकारक्षेत्रभित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसारपसार, पुँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकूल नहुने गरी कर लगाउने अवस्था छ ।

स्थानीय तहबीच भौगोलिक विविधता छ । प्राकृतिक स्रोतको सम्भाव्यता, आर्थिक सामाजिक विकास, पूर्वाधारको उपलब्धता तथा संस्थागत क्षमतामा पनि प्रशस्त भिन्नता रहेको छ । यसलाई सम्बोधन गर्दै स्थानीय तहलाई आफ्नो क्षेत्रको आर्थिक, सामाजिक, र पूर्वाधार विकासका लागि योजना बनाई लागू गर्नुपर्ने जिम्मेवारी सुम्पिएको छ । सो जिम्मेवारी पूरा गर्न स्थानीय तहले आफ्नो क्षेत्रको समष्टिगत विकासका लागि आवश्यक आवधिक र रणनीतिक विषय क्षेत्रका दीर्घकालीन, मध्यकालीन र वार्षिक योजना बनाउनुपर्ने कानुनी प्रावधान छ ।

विकास योजना भनेको उपलब्ध स्रोत साधनलाई परिचालन गरी निश्चित योजना अवधिभित्र तोकिएका लक्ष्य उद्देश्य प्राप्त गर्ने दस्तावेज हो । योजनाको विषयवस्तु र प्रवृत्तिको आधारमा तीन प्रकारका योजनाहरू तर्जुमा गर्नुपर्ने हुन्छ ।

**१) राष्ट्रिय आवधिक योजना:**
नेपालको संविधान र कानुनमा व्यवस्था भएबमोजिम नेपाल सरकारले आफ्नो अधिकार क्षेत्रभित्र रहेको विषय र क्षेत्रलाई समेट्ने गरी समग्र देशको आर्थिक सामाजिक विकासको लागि आवधिक योजना तर्जुमा गर्नुपर्दछ । खासगरी राष्ट्रियस्तरका आर्थिक सामाजिक नीति, ठूला आयोजना, अन्तर प्रदेशलाई जोड्ने आयोजना इत्यादि विषय समेटेर नेपाल सरकारले राष्ट्रिय आवधिक विकास योजना तर्जुमा गर्दछ । यस योजनाको आधारमा प्रदेश सरकार र स्थानीय तहले आ–आफ्नो आवधिक विकास योजना गर्नुपर्दछ ।

**२) प्रादेशिक आवधिक विकास योजना:**
नेपालको संविधान र कानुनमा व्यवस्था भएबमोजिम प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्रभित्र रहेको विषय र क्षेत्रलाई समेट्ने गरी आ–आफ्नो प्रदेशको आर्थिक सामाजिक विकासको लागि आवधिक विकास योजना तर्जुमा गर्नुपर्दछ । खासगरी प्रदेशस्तरका आर्थिक सामाजिक नीति, प्रदेशस्तरका आयोजना, आफ्नो प्रदेशभित्रका दुई वा सोभन्दा बढी स्थानीय तहलाई समेट्ने विकास आयोजना इत्यादि विषय समेटेर प्रदेश सरकारले प्रादेशिक आवधिक विकास योजना तर्जुमा गर्दछ । यस्तो योजना तर्जुमा गर्दा नेपाल सरकारको राष्ट्रिय योजनासँग तादाम्यता कायम गर्नुपर्दछ ।

**३) स्थानीय तहको आवधिक विकास योजना:**
नेपालको संविधान र कानुनमा व्यवस्था भएबमोजिम स्थानीय तहले आफ्नो अधिकारक्षेत्रभित्र रहेको विषय र क्षेत्रलाई समेट्ने गरी स्थानीय तहको आर्थिक सामाजिक विकासको लागि आवधिक विकास योजना तर्जुमा गर्नुपर्दछ । खासगरी स्थानीय तहका आर्थिक सामाजिक नीति, स्थानीयस्तरका अयोजनालगायतका विषय समेटेर स्थानीय सरकारले स्थानीय तहको आवधिक विकास योजना तर्जुमा गर्दछ । यस्तो योजना तर्जुमा गर्दा नेपाल सरकारको राष्ट्रिय योजना र आ–आफ्नो प्रदेश सरकारको आवधिक योजनासँग तादात्म्यता कायम गर्नुपर्दछ ।

यहाँ मुख्यतः यस लेखमा स्थानीय तहको विकास योजनाबारे विश्लेषण गर्ने प्रयास गरिएको छ । समय अवधिको हिसाबले विकास योजना तीन प्रकारका हुन्छन् ।

**क) दीर्घकालीन योजना :**
स्थानीय तहको दीर्घकालीन उद्देश्य प्राप्त गर्नको लागि दीर्घकालीन सोचसहितको योजना तय गरिन्छ । यो योजनाको अवधि सामान्यतया १५ देखि २५ वर्षसम्मको हुन्छ । अर्थात् यो योजनामा आगामी १५ वा २५ वर्षको अवधिमा योजनाको कार्यान्वयनपछि विकासको अवस्था कस्तो हुने, जनताको आयस्तर, जीवनस्तर र उनीहरूले प्राप्त गर्ने सेवा सुविधाको अवस्था के हुने, तिनीहरूको आकलन गरिन्छ । सोअनुसार लक्ष्य निर्धारण गरी सोको लागि आवश्यक स्रोत साधनको व्यवस्थासहित यो योजना तर्जुमा गरिन्छ ।

**ख) मध्यमकालीन योजना :**
मध्यमकालीन योजना सामान्यतया तीनदेखि सात वर्षको अवधिको लक्ष्य प्राप्त गर्नेगरी तर्जुमा गरिन्छ । यो योजना

*बाँकी पेज ३ मा*

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालय: थाहा-८ सम्पर्क नं. ९८०७१५३३००
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# जाडोमा कोठा न्यानो बनाउँदा ज्यान समेत जान सक्छ !

गत वर्ष हिउँदमा काठमाडौंको कलंकीस्थित खड्का गाउँका ८४ वर्षीय एक पुरूषको आगलागीबाट मृत्यु भयो । कोठामा हिटर बालेर सुतेका ती पुरूषको निदाएकै अवस्थामा ओछ्यानमा आगो सल्किएपछि घटनास्थलमै मृत्यु भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ ।

अघिल्लो वर्ष नै जाडो मौसममा उपत्यका बाहिर पनि आगलागी र निसासिएर मृत्यु भएका धेरै घटना सार्वजनिक भएका छन् । कैलालीको धनगढीस्थित भन्सार रोडकी एक महिलाको घरभित्रै आगो ताप्ने क्रममा कपडामा आगो सल्किएर ज्यान गयो । गत वैशाखमा भक्तपुरमा झ्याल–ढोका थुनेर कोइला बाल्दा निसासिएर एक सुत्केरीको ज्यान गयो । मकवानपुरको दामनमा एक होटलमा निसास्सिएर भारतीय ८ पर्यटकले एकैरातमा ज्यान गुमाए ।

यी त सार्वजनिक भएका घटना हुन् । दूरदराजमा यसरी निसासिएर ज्यान गएका कैयौं घटना समाचार बन्दैनन् । यो हानिकारक ग्यासले मान्छेमा वान्ता हुने, मुटुको धड्कन असामान्य हुने एवं मस्तिष्कमा असर गर्नेजस्ता लक्षण देखिन्छ । तर सुतेको बेलामा मान्छेले यस्तो लक्षण महसुस गर्न नसक्ने भएकोले मुटुको धड्कन रोकिएर मान्छेको ज्यान जाने गर्छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार यस वर्ष अहिलेसम्म निसासिएर मृत्यु भएको कुनै घटना सरकारी निकायमा दर्ता भएको छैन । प्राधिकरणका प्रवक्ता डा. दिजन भट्टराईले अहिलेसम्म विद्युतीय उपकरण एवं आगो बाल्दा निसासिएर वा आगलागी भएर ज्यान गुमाएको भन्ने सूचना प्राधिकरणलाई नआएको जानकारी दिए ।

तर जाडोमा चिसोबाट बच्न हिटर वा कोइला बाल्दा गरिने सामान्य गल्तीले हरेक वर्ष दर्जनौंको ज्यान जाने गरेको तथ्यांकले देखाएको छ । हरेक वर्ष चिसो मौसममा निसासिएर ज्यान जानेको यकिन संख्या सरकारी निकायसँगै छैन । यसरी मृत्यु हुने घटनालाई पनि आगलागी शीर्षकमा राख्ने भएकाले एक वर्षमा



निसासिएर कतिको ज्यान गयो भन्ने यकिन तथ्यांक नरहेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र गृह मन्त्रालय अन्तर्गतको आपतकालीन कार्यसञ्चालन केन्द्रले जनाएको छ ।

आर्थिक वर्ष २०७४/७५ मा सार्वजनिक भएका ६ घटनामा ७ जनाको निसासिएर मृत्यु भयो भने ६ जना घाइते भए । त्यस्तै, २०७५/७६ मा रेकर्ड भएका ६ घटनामा १० जनाले निसासिएर ज्यान गुमाए भने ६ जना घाइते भए । २०७६/७७ मा भएका कुल ८ घटनामा १४ जनाको ज्यान गयो भने ५ जना घाइते भएका छन् ।

२०७३ को पुस पहिलो सातामै काठमाडौं उपत्यकामा मात्रै ११ जनाले निसासिएर ज्यान गुमाएको घटना सार्वजनिक भएको थियो । यी सबै घटनाहरूले चिसो मौसममा झ्याल ढोका थुनेर आगो ताप्ने र आगो बालेर त्यसै निदाउँदा निसासिने वा आगलागीमा पर्ने गरेको देखाएको छ ।

प्राधिकरणका प्रवक्ता डा. भट्टराई विशेषगरी तराई भेगमा निसासिएर मृत्यु हुने र आगलागीबाट ज्यान जानेको संख्या बढी हुने गरेको बताउँछन् । 'विशेषगरी तराईतिर जाडोबाट बच्न झ्याल/ढोका थुनेर आगो बाल्ने चलन देखिन्छ । जसले एकातिर निसासिने सम्भावना बढी देखाउँछ भने आगो ननिभाई निदाउने हुँदा आगलागीको जोखिम पनि उस्तै बढ्ने गरेको पाइन्छ,' उनले भने ।

लापरबाही गर्दा झुप्रा र साना घरमा मात्रै होइन, राम्रा होटलमा पनि हरेक वर्ष निसासिएर ज्यान जाने गरेको भट्टराई बताउँछन् ।

### जाडोमा किन निसासिन्छ मान्छे ?

चिसोमा निसासिएर मृत्यु हुने अधिकांशमा कार्बनमोनोअक्साइडको असर पर्ने गरेको चिकित्सकहरू बताउँछन् । त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगञ्जका सहप्राध्यापक एवं वरिष्ठ छाती रोग विशेषज्ञ डाक्टर निरज बम जाडो मौसममा चिसोबाट बच्नका लागि भेन्टिलेसन नखोली आगो, गिजर, हिटरजस्ता मेसिनहरू चलाउँदा यसले अक्सिजन सोस्ने र कार्बन मोनोअक्साइड जस्ता हानिकारक ग्यास प्रवाह गर्ने गर्छ । कोइला, मकलजस्ता प्रत्यक्ष धुवाँ आउने प्रविधि एवं हिटर, गिजरजस्ता विद्युतीय प्रविधिले पनि शरीरमा रहेको अक्सिजन सोस्ने गर्छ । यसले शरीरको कोषमा हुने अक्सिजनलाई सोसेर कार्बन मोनोअक्साइड प्रतिस्थापन गराइदिन्छ ।

यो हानिकारक ग्यासले मान्छेमा वान्ता हुने, मुटुको धड्कन असामान्य हुने एवं मस्तिष्कमा असर गर्नेजस्ता लक्षणहरू देखिन्छ । तर सुतेको बेलामा मान्छेले यस्तो लक्षण महसुस गर्न नसक्ने भएकोले मुटुको धड्कन रोकिएर मान्छेको ज्यान जाने गर्छ । यसैलाई हामीले निसासिएर मृत्यु भएको भन्छौं ।

### यसबाट बच्न के गर्ने ?

यस्तो जोखिमबाट बच्नको लागि एउटै उपाय हो, सुत्नेबेलामा सावधानी अपनाउनु । धेरैजसो व्यक्तिलाई सुत्ने वा नुहाउने बेलामा यस्तो समस्या हुने गरेको डा. बम बताउँछन् । यसको लागि सावधानी अपनाउनु नै एक मात्र बच्ने उपाय हो । यसको लागि भेन्टिलेसन खुला राख्ने, आगो ताप्दा नजिकै बसेर नताप्ने जस्ता सावधानी अपनाउनुपर्ने चिकित्सकहरूको सुझाव छ ।






## थाहा नगरका जनप्रतिनिधिको सम्पर्क नम्बर

| | | |
|---|---|---|
| थाहा प्रमुख | लवशेर विष्ट | ९८५५०६७६९२ |
| थाहा उपप्रमुख | खड्ग बहादुर गोपाली | ९८५५०६७०४५ |
| १ नं. वडाध्यक्ष | हेरमान गोपाली | ९८५५०८९३०१ |
| २ नं. वडाध्यक्ष | गुप्तबहादुर कार्की | ९८५५०८९३०२ |
| ३ नं. वडाध्यक्ष | राजेश के.सी. | ९८५५०८९३०३ |
| ४ नं. वडाध्यक्ष | दिपक सिं लामा | ९८५५०८९३०४ |
| ५ नं. वडाध्यक्ष | विष्णुबहादुर गुरुङ | ९८५५०८९३०५ |
| ६ नं. वडाध्यक्ष | शशीधर सुवेदी | ९८५५०८९३०६ |
| ७ नं. वडाध्यक्ष | सनमसिं मुक्तान | ९८५५०८९३०७ |
| ८ नं. वडाध्यक्ष | टिकाराम रुम्बा | ९८५५०८९३०८ |
| ९ नं. वडाध्यक्ष | परशुराम श्रेष्ठ | ९८५५०८९३०९ |
| १० नं. वडाध्यक्ष | हिराबहादुर गमाल | ९८५५०८९३१० |
| ११ नं. वडाध्यक्ष | किरणमान बल | ९८५५०८९३११ |
| १२ नं. वडाध्यक्ष | मानबहादुर स्याङ्तान | ९८५५०८९३१२ |

ThahaTimes.com
स्थानीय खबर थाहा पाउनका लागि लगइन गरौं ...

# समृद्धिको लागि स्थानीय ..... .... .. .

दीर्घकालीन योजनाको अवधारण र लक्ष्यअनुरूप तर्जुमा गनुपर्ने हुन्छ ता कि दीर्घकालीन योजनाको लक्ष्य एवं उद्देश्य प्राप्त गर्न सकियोस् । तसर्थ मध्यम अवधिमा उपलब्ध हुनसक्ने स्रोत साधनको अनुमान गरी आर्थिक सामाजिक लक्ष्य एवं उद्देश्य हासिल गर्नको लागि मध्यमकालीन विकास योजना तयार गर्ने गरिन्छ ।

**ग) वार्षिक योजना :**

वार्षिक योजना एक वर्षको अवधिका लागि तर्जुमा गरी कार्यान्वयन गरिन्छ । यो योजना मध्यमकालीन योजनामा उल्लिखित उद्देश्य एवं लक्ष्यहरू हासिल गर्न तर्जुमा गरिन्छ । खासगरी एक वर्षको अवधिमा उपलब्ध हुनसक्ने स्रोत साधनको अनुमान गरी यस्तो योजना तर्जुमा गर्ने प्रचलन छ । यो योजना तर्जुमा गर्दा मध्यमकालीन खर्च संरचनासँग पनि तादात्म्यता राखी तर्जुमा गर्ने गरिन्छ ।

वास्तवमा वार्षिक योजना पनि महत्वपूर्ण हुन्छ किनकि दीर्घकालीन र मध्यमकालीन योजनाको लक्ष्य र उद्देश्य प्राप्त गर्ने कार्यमा वार्षिक योजनाले नै प्रमुख भूमिका खेल्दछ । तसर्थ वार्षिक योजनामा समावेश गरिएका नीति एवं आयोजनाको कार्यान्वयन महत्वपूर्ण हुने भएकोले आफ्नो कार्यान्वयन क्षमता र स्रोत साधनको यथार्थपरक आकलन गर्नुका साथै प्राथामिकता निर्धारण गरी योजना तर्जुमा गर्नुपर्दछ । वार्षिक विकास कार्यक्रम र बजेटलाई वार्षिक विकास योजनाका रूपमा लिन सकिन्छ ।

स्थानीय तहको दीर्घकालीन सोचअनुरूप आवधिक योजना सोअनुसार मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने र मध्यमकालीन खर्च संरचनाअनुसार वार्षिक विकास कार्यक्रम तर्जुमा गर्नु आवश्यक हुन्छ । वार्षिक विकास कार्यक्रमले बजेट कार्यान्वयनबाट प्रतिफल हासिल गर्न तथा मध्यमकालीन खर्च संरचना र आवधिक योजनाको नतिजा हासिल गर्न सहयोग पुग्दछ । आवधिक योजना र मध्यमकालीन खर्च संरचनाले स्रोतको सुनिश्चितता प्रदान गर्दछ ।

हाम्रोजस्तो स्रोत साधन उचित प्रयोग गर्न नसकी सधैं अभाव रहेको र विकासको चाहना र आवश्यकता अत्यधिक रहेको देशमा सीमित स्रोत साधनलाई अधिकतम प्रतिफल प्राप्त गर्ने क्षेत्रमा लगानी गर्नुपर्ने आवश्यकता देखिन्छ । खासगरी जनतालाई पु–याउनुपर्ने शिक्षा, स्वास्थ्य, खानेपानी, सुरक्षा, भौतिक पूर्वाधार, कृषि, रोजगारी, गरिबी निवारण र सन्तुलित समावेशी विकासजस्ता विषयहरू सरकारको दायित्वभित्र पर्दछन् । नेपालको संविधानले तीनखम्बे अर्थनीति अवलम्बन गर्ने कुरालाई जोड दिएको पाइन्छ । अर्थतन्त्रका तीन क्षेत्र सरकार, निजी, सहकारी क्षेत्रको संयुक्त प्रयासबाट मात्र देशको तीव्र विकास हुन्छ ।

विश्वव्यापी रूपमा आएको उदारीकरणको लहरअनुरूप नेपालले पनि आठौं योजनादेखि उदार अर्थतन्त्रको अवधारण सुरू गरेको पाइन्छ । सो योजनादेखि निजी क्षेत्र समेतको व्यापक सहयोग लिई विकास गर्नको लागि सरकारको भूमिका सीमित गरी सरकारले नियामक र उत्प्रेरक भूमिका खेल्ने गरी योजना तर्जुमा कार्य सुरू ग¥यो । स्थानीय तहमा योजना तर्जुमा गर्दा स्थानीय जनताको विचार र आवश्यकता बुझ्ने गरी योजना बनाउन आवश्यक हुन्छ ।

संविधानले सहकारी क्षेत्र समेतको आवश्यकता र महत्वलाई आत्मासात् गरी विकासमा राष्ट्रका तीनै क्षेत्रका विकासलाई उपयोग गरी योजना तर्जुमा र जनताको अपनत्व वृद्धि गर्ने र विकासलाई दिगो बनाउन जनसहभागितामूलक योजना तर्जुमाको आवश्यक हुन्छ । यो नै स्थानीय सरकारको वास्तविक योजना हो ।

*(लेखक : नेपालमा गुणस्तरीय जीवन विषयमा विद्यावारिधि एवं लामो समय योजना निर्माणमा सहभागिता जनाउँदै आएका छन् ।)*

*–इमेल प्राप्त लेख*

# अखिल नेपाल महिला संघ (समाजवादी) बागमती अध्यक्षमा सिग्देल



◆ विकास संवाददाता

अखिल नेपाल महिला संघ (समाजवादी) को बाग्मती प्रदेश कमिटी घोषणा गरेको छ। संघले मुनु सिग्देलको अध्यक्षतामा १५१ सदसीय प्रदेश कमिटी घोषणा गरेको हो । अनेमसंघको काठमाडौंमा बसेको बैठकमा कमिटी घोषणा तथा सपथ ग्रहण गरिएको थियो ।

बैठकमा अनेमसंघ समाजवादीको अध्यक्ष एवं नेकपा एकीकृत समाजवादीको उपाध्यक्ष जयन्ती राईले सदस्यलाई सपथ गराउनुको साथै सम्बोधन गरेकी थिइन् । बैठकलाई सम्बोधन गर्ने क्रममा प्रमुख अतिथी राइले नेकपा (एकीकृत समाजवादी) गठनका कारण र अनेमंघले गर्नु पर्ने कामका बारेमा जानकारी गराइन् । नेकपा एमालेमा ओलीको स्वेच्छाचारी र व्यक्तिवादी शैली हावी भएकाले आफूहरूले बिद्रोह गरेको राइले बताइन् । 'अहिले पनि महिलाहरू अनेक प्रकारका समस्या र हिंसाबाट पीडित छन्, अनेमसंघ (समाजवादी)ले महिलाका सबै प्रकारका विभेद र हिंसाका विरुद्ध अगुवाइ गर्दै महिलालाई राजनीतिक रूपमा संगठीत गर्नुपर्छ,' राइले भनिन् ।

त्यस्तै बैठकमा सोही पार्टीका उपाध्यक्ष एवं बागमती प्रदेशका इन्चार्ज केदार न्यौपाने र बाग्मती प्रदेशका पार्टी अध्यक्ष सावित्रा भूसालले पनि सम्बोधन गरेका थिए । सम्बोधनका क्रममा उनीहरूले पनि पार्टी निर्माण र महिलाका विषयमा प्रशिक्षण तथा घोषित कमिटीलाई शुभकामना दिएका दिए । घोषित प्रदेश कमीटीको उपाध्यक्षमा शान्ता पौडेल र कमला श्रेष्ठ, सचिवमा सञ्जिता पाख्रिन, उपसचिवमा शान्ता पाख्रिन र कोषाध्यक्षमा पार्वती सिलवाल छन् ।

कमिटी १५१ सादसीय रहेको अध्यक्ष मुनु सिग्देलले जानकारी दिइन् । अध्यक्ष सिग्देलले संघ गर्ने कार्ययोजना समेत प्रस्तुत गरेकी थिइन् । बैठकमा पार्टीका केन्द्रीय सदस्य तथा अनेमसंघ कोषाध्क्ष मिना ज्ञावली, पार्टी केन्द्रीय सदस्य तथा अनेमसंघ प्रचार विभाग प्रमुख चमिना भट्टराई, केन्द्रीय सदस्य भागवती नेपाल, चुनु केसी, शान्ता पाख्रिन, शान्ता पौडेल लगाएतको उपस्थित थियो ।

# बागमतीमा ४३ प्रतिशत दरबन्दी रिक्त

◆ विकास संवाददाता

बागमती प्रदेशका विभिन्न मन्त्रालय र मातहतका कार्यालयमा ४३ प्रतिशत दरवन्दी खाली रहेको छ । प्रदेशका साविकका मन्त्रालयमा ४३ प्रतिशत दरवन्दी खाली रहेको हो। दरवन्दी खाली हुँदा काम गर्नेका लागि समस्या भएको बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्र पाण्डेले बताए । उनले संघीय सरकार मातहत काम नगरी बस्ने कर्मचारीलाई प्रदेशमा खटाउन आग्रह गरे । निजामती सेवा ऐन नबन्दा झनै समस्या भएको उनले बताए ।

प्रदेशका हरेक मन्त्रालयमा आवस्यक दरवन्दी नहुँदा काम गर्नेका लागि समस्या हुने गरेको मन्त्रालयका सचिबहरूले वताएका छन् । हेटौंडामा भएको अन्तर प्रदेश समन्वय बैठकमा मुख्यमन्त्री पाण्डेले मुख्य सचिव शंकरदास बैरागीलाई लक्षित गर्दै प्रदेशमा काम गर्न कर्मचारीको अभाव भएकाले संघीय सरकार मातहत काम नगरी बस्नेहरूलाई प्रदेशमा खटाउनुपर्ने बताए ।

उनले कर्मचारी कम भएपछि स्वाभावैले कम काम हुने भन्दै 'कामै नगरी बस्ने एक थुप्रो कर्मचारी छन् अन्य प्रबन्ध नभएसम्म काजमा भनेपनि खटाइ दिन' आग्रह गरे । बागमती प्रदेशमा कर्मचारी खाली रहेको भन्दै संघीय निजामती सेवा ऐन नआउँदा प्रदेशले कर्मचारीसम्बन्धी ऐन ल्याउन नपाएको पनि गुनासो गरे ।

अहिले प्रदेश सरकारले कायम रहेको ८ मन्त्रालयलाई फुटाएर १४ वटा बनाएकाले त्यहाँ सचिवको व्यवस्थापनका लागि संघले चाडै ध्यान दिनुपर्ने मुख्यमन्त्री पाण्डेले बताए । पहिला रहेका मन्त्रालयका मन्त्री तथा कर्मचारी मालदार ठाउँमात्र हेर्ने गरेपछि सरकारले मन्त्रालय फुटाएको उनले बताए । संघीय सरकारले नै संघीयताविरूद्ध काम गरिरहेको आरोप लगाउँदै मुख्यमन्त्री पाण्डेले साना योजना प्रदेश र स्थानीय तहबाटै हुने भन्दै त्यस्तामा सशर्त अनुदान बन्द गर्न आग्रह गरे ।

# हेटौंडा शहरको परिकल्पनाकारकी छोरी केरिना हेगनलाई स्वागत



◆ विकास संवाददाता

हेटौंडा शहरको परिकल्पनाकार डाक्टर टोनी हेगनकी छोरी केरिना हेगनलाई हेटौंडा उपमहानगरपालिका कार्यालयमा स्वागत गरिएको छ । स्वीजरल्याण्ड निवासी हेगनलाई स्वागत गरिएको हो। उपमहानगरपालिकाका मेयर हरि बहादुर महतले हेगनलाई स्वागत गरे ।

टोनी हेगन स्मृति विकास मञ्च हेटौंडा-१०, मकवानपुरले टिसीएन रोडमा टोनी हेगनपार्क निर्माण गर्दैछ । यस पार्कको पनि उनले अवलोकन गरिन् । अवलोकलनका क्रममा टोनी हेगन फाउण्डेसन नेपालका अध्यक्ष पिके भा लगायतकाको टोलिले निरिक्षण गरिएको टोनी हेगन स्मृति मन्चका संयोजक इन्द्र नेपालले बताए । टोनी हेगन सुप्रसिद्ध भूगर्भविद् हुन् ।

उनी स्वीट्जरल्याण्डका नागरीक हुन्, उनले नेपालको मानार्थ नागरिकता पाएका थिए । उनको जन्म सन् १९१७ मा र निधन २००३ मा भएको थियो । नेपाल स्वीस परियोजनासँग सम्बन्धित रहेका उनले नेपालको सुक्ष्म अध्ययन गरेका थिए। सन् १९५० मा उनी विकास विज्ञको रूपमा नेपाल आएका थिए । नेपालको बसाइमा शुरूको ९ वर्षमा उनले करीव १४ हजार कि.मी. पैदल यात्रा तय गरे । नेपालको सेवामा लामो समय विताएका उनले करीव नेपालसँगको ५० वर्ष लामो आफ्नो अनुभवलाई आफ्नो पुस्तकमा समेटेका छन् । नेपाल भ्रमण गर्ने उनी पहिलो विदेशी नागरिक हुन् । उनका २ छोरी र १ छोरा छन् । त्यसै गरी उनी विरेन्द्र प्रज्ञा अलंकारबाट विभुषित भए । नेपालको संस्कृति, संपदा र सभ्यता सम्बन्धी अनेकौं दुर्लभ तस्विरहरू समेत उनीसँग सुरक्षित थियो र त्यसलाई नेपाल अध्ययनकर्ताले उपयोग गरेका छन् ।

नेपालको अध्ययन गर्ने क्रममा उनी वि.सं. २०१४ तिर हेटौंडा आइपुग्छन् र उनले आधुनिक हेटौंडाको रूपमा व्यवस्थित शहर बसाउने परिकल्पना गर्दछन् । त्यही परिकल्पनालाई हेटौंडा नगर पञ्चायतका पहिलो प्रधानपञ्च बासुदेव रिजालले कार्यान्वयनमा ल्याउने जमर्को गरेको पाइन्छ ।

हेटौंडाको वस्ती विस्तार र शहरीकरणको अवधारणाका सुत्रधार टोनी हेगनलाई हेटौंडावासीले सम्झना गर्नु उनी प्रतिको हार्दिक श्रद्धा हो भन्ने मान्यता स्वरूप उनको नाममा स्मृति पार्क परि कल्पना गरी अर्थ कदको सालिक समेत राख्ने जमर्को गरिएको छ ।

यसको लागि २०७७ साल जेष्ठ १३ गते हेटौंडा उपमहानगरपालिकाका नगर प्रमुख श्री हरिबहादुर महत संरक्षक रहने गरी ५ सदस्यीय सल्लाहकार समिति र नगरसभा सदस्य इन्द्रप्रसाद नेपालको अध्यक्षतामा १३ सदस्यीय तदर्थ समिति गठन गरिएको छ । हेटौंडा उपमहानगरपालिका र प्रदेश सरकारको समेत डा. टोनी हेगन स्मृति पार्क विकास मञ्चमा साझेदार बनेका छन् ।

# मानव सेवा आश्रमलाई ह्वीलचियर हस्तान्तरण

◆ विकास संवाददाता



हेटौंडा उपमहानगरपालिका वडा नम्बर-९ मा रहेको मानब सेवा आश्रमलाई ह्वीलचियर वितरण गरिएको छ । उपमहानगरपालिकाकाले दश वटा ह्वीलचियर खरिद गरेर मानव सेवा आश्रमलाई मेयर हरि बहादुर महतले हस्तान्तरण गरे ।

मानव सेवा आश्रममा आश्रीतरू मानसिक संतुलन गुमाएसंगै अपाङ्गता समेत भएकाले उनीहरूलाई हिडडुल गर्न सहज होस भन्ने उदेस्यले ह्वीलचियर बितरण गरिएको मेयर महतले बताए । उनले दश वटा ह्वीलचियर बितरण गरेका हुन् । अघिल्लो आर्थिक वर्षमा पनि उपमहानगरपालिकाले मानव सेवा आश्रमलाई ह्वीलचियर बितरण गरेको थियो ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होर्डिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# अनावरणका लागि ठीक्क पारेको शालिक हरायो




◆ विकास संवाददाता

मकवानपुरका लोक कवि गणेशलाल श्रेष्ठको अर्धकदको सालिक शनिबार राति चोरी भएको छ । भीमफेदीमा आइतबार कवि श्रेष्ठको सालिक (प्रतिमा) अनावरण गर्ने कार्यक्रम रहेको थियो । तर, राति नै साालिक चोरी भएको हो । सालिक अनावरण गर्न परराष्ट्रविद् हिरण्यलाल श्रेष्ठलगायत साहित्यकारको टोली आइतबार बिहान भीमफेदी पुगेका थिए ।

सालिक राखिएको ठाउँबाट रड नै दोबारेर चोरिएको देखेर साहित्यकर्मीहरू निराश भएका छन् । प्रहरीले सालिक खोजी गरिरहेको बताएको छ । करिब ५ लाखको लागतमा निर्माण गरिएको सालिक ईलाका प्रहरी कार्यालय भीमफेदीबाट २ सय मिटर पर ज्योति पुस्तकालय परिसरबाटै चोरी भएको हो । लोककवि श्रेष्ठले दुई थुंगाको फुल, मेरो पुष्पाञ्जली लगायतका नेवारी भाषामा गीत लेखेका थिए ।

भीमफेदी निवासी श्रेष्ठलाई लोककवि पदवी लोकसाहित्य परिषद् र प्रज्ञा प्रतिष्ठान दिएको थियो । विस १९६८ मा भीमफेदीस्थित पारी बजारमा जन्मेका श्रेष्ठको २०४२ सालमा मृत्यु भएको थियो । अनावरण गर्न कार्यक्रमका पुगेका प्रमुख अतिथि परराष्ट्रविद् श्रेष्ठ, गाउँपालिकाका अध्यक्ष हिदम लामा, मकवानपुरका साहित्यकार र स्थानीयवासीले कवि श्रेष्ठको सालिक चोर पत्ता लगाई कारबाहीको माग गर्दै भीमफेदीमा शान्तिपूर्ण जुलुससहित सभा गरेका थिए ।

# विडारीको जन्म दिनमा विद्यार्थीलाई स्टेशनरी वितरण



◆ विकास संवाददाता

आफ्नो छोराको जन्मदिनको अवसरमा एक अभिभावकले थाहा नगर पालिका-६ स्थित उदय प्राथमिक विद्यालयका विद्यार्थीलाई स्टेशनरी सामग्री हस्तान्तरण गरिएको छ ।

आफ्ना जेठो छोरा प्रदीप विडारीको जन्मदिनमा समाजसेवी बुवा राजेन्द्र विडारी र आमा निर्मला विडारी ले विद्यालयमा अध्ययनरत् ९७ जना विद्यार्थीलाई व्याग, कापी तथा पेन हस्तान्तरण गरेका हुन् । स्टेशनरी हस्तान्तरण कार्यक्रम विद्यालयका प्रधानाध्यापक तुलना न्यौपाने, विद्यालय व्यवस्थापन समिति अध्यक्ष प्रताप रूम्बा तथा विद्यार्थीका अभिभावकहरूको सहभागिता रहेको थियो ।

राजेन्द्र विडारी स्थानीय प्यासिफिक बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष, नेपाल फलफूल तथा तरकारी व्यवसायी संघ मकवानपुर उत्तरी क्षेत्र अध्यक्ष र नेपाल रेडक्रस सोसाइटी बज्रबाराही उपशाखाका उपसभापति हुन् । 'जन्मदिनलाई रचनात्मक शैलीमा मनाउने क्रममा विद्यार्थीलाई स्टेशनरी हस्तान्तरण गरिएको हो । आगामी दिनमा पनि फरक शैलीमा समाजसेवालाई निरन्तरता दिनेछौं ।', बुवा राजेन्द्र विडारीले भने ।

# थाहानगरमा अन्तराष्ट्रिय आप्रवासी दिवस मनाइयो




◆ विकास संवाददाता

थाहा नगरपालिकामा अन्तर्राष्ट्रिय आप्रवासी कामदार दिवस मनाइएको छ । वैदेशिक रोजगारीका क्रममा मृत्यु तथा अङ्गभङ्ग भएका कामदारहरूको सम्झनामा दीप प्रज्वलन गरेर यो दिवस मनाइएको आयोजक थाहा नगरपालिकाले जनाएको छ । एकीकृत ग्रामिण विकास सेवा, सामी परियोजना र हेल्बेटास नेपालको सहकार्यमा थाहा नगरपालिकाले कार्यक्रमको आयोजना गरेको हो ।

सचेत, सीपमुलक र सुरक्षित रोजगार : मर्यादित श्रम आप्रवाशनको मूल आधार भन्न नारासहित शिखरकोटमा दीप प्रज्वलन कार्यक्रमको आयोजना गरी अन्तर्राष्ट्रिय आप्रवासी कामदार दिवस २०२१ मनाइएको आप्रवासन परियोजनाका मेलिना केसीले जानकारी दिइन् ।

पत्रकार कुमार नेगीको अध्यक्षतामा भएको कार्यक्रममा प्रेस सेन्टर थाहानगर का अध्यक्ष शम्भु अधिकारी, इलाका प्रहरी कार्यालय पालुङका प्रमुख श्रीराम तिमल्सिना, प्रहरी, स्थानीय बासिन्दा, परियोजनाका कर्मचारीहरू लगायतको सहभागिता रहेको थियो ।

# रायमाझी प्रकरण निर्देशक मनोनित



◆ विकास संवाददाता

थाहानगरका मनोज रायमाझी सन् २०२२ का लागि नेपाल जेसीज क्षेत्र 'ख' को प्रकरण निर्देशक (थिम डाइरेक्टर) मनोनित भएका छन् । पोखरामा सम्पन्न नेपाल जेसीजको ४८ औं राष्ट्रिय महाधिवेशनबाट अध्यक्षमा निर्वाचन भए लगत्तै नवनिर्वाचित राष्ट्रिय अध्यक्ष लालमणि भण्डारीले पालुङ जेसीजका निवर्तमान अध्यक्ष रायमाझीलाई क्षेत्र 'ख' को प्रकरण निर्देशक मनोनित गरेका हुन् ।

विभिन्न संघसंस्थाको नेतृत्व तहमा रहेका रायमाझीले सन् २०२० मा पालुङ जेसीजको अध्यक्ष निर्वाचित भएर नेतृत्व लिएका थिए । सन् २०१९ मा पालुङ जेसीजका अध्यक्ष कुमार नेगी निर्वाचित हुँदा रायमाझीले महासचिवको भूमिकामा रही कुशलतापूर्वक कार्य गरेका थिए ।

प्रकरण निर्देशकमा मनोनित भएपछि निर्देशक रायमाझीले सन् २०२२ को जेसिज प्रकरण (थिम)लाई सार्थक बनाउन क्षेत्र 'ख' मा आफूले विशेष भूमिका निभाउने बताए ।

नेपाल जेसीजको सन् २०२२ को थिम 'एक्ट फर इम्प्याक्ट' रहेको छ ।

# राक्सिराङमा गाँजा र अफिम फाँडियो

◆ विकास संवाददाता

मकवानपुरको राक्सिराङ गाउँपालिकाका बिभीन्न वडाहरूमा गाँजा र अफिम खेती फडानी गरिएको छ । यस क्षेत्रमा ३३ बिगाहा गाँजा र १९ बिगाहा अफिम खेती फडानी गरिएको हो ।

लागुऔषध गाँजा खेती नष्ट गर्ने अभियान अन्तर्गत बागमती प्रदेश दंगा नियन्त्रण प्रहरी गण हेटौडा र जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट संयुक्त रूपमा गएको ६० जना प्रहरीको टोलिले अफिम र गाँजा फडानी गरेको हो । प्रहरी रिनिक्षक सुमन बानियाको कमाण्डमा खटिएको ६० जनाको प्रहरी टोलीले राक्सिराङ गाउँपालिका वडा नम्बर ५ अन्तर्गत धुर्सिङ, निबुटार र लाइसीराङ स्थितको वडा एरियाहरूमा अबैध रूपमा लगाईएको ८ बिगाहा लागुऔषध गाँजा खेती फडानी गरी नष्ट गरीएको हो ।

राक्सिराङ गाउँपालिकाको वडा नम्बर ४ र ५ अन्तर्गतका वडा एरियाहरूमा ३३



बिगाहा लागुऔषध गाँजा र १९ बिगाहामा अबैध रूपमा लगाइएको अफिम खेती फडानी गरी नष्ट गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी निरीक्षक देवेन्द्र दासले जानकारी दिए ।



समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

**जाडोबाट बच्न निम्न उपायहरु अबलम्बन गरौं ।**

- तातो झोलिलो पदार्थको प्रशस्त मात्रामा पिउने गरौं,
- न्यानो कपडा लगाऔं,
- घाम वा आगो तापौं,
- तेल मसाज गरौं,
- शारिरिक व्यायाम गरौं,
- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं,
- ताजा र पौष्टिक खानेकुरा खाऔं,
- जाडोबाट बच्ने नाममा धूम्रपान र मद्यपान नगरौं,
- स्वास्थ्यमा कुनै समस्या परेमा स्वासथ्यकर्मीसंग परामर्श लिऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

*उपभोग्य वस्तु खरिद गर्दा*
*उपभोग्य मिति*
*हेरेर मात्र खरिद गरौं ।*
- विकास खबरपत्रिका

## नेकपा एसको ७ नम्बर वडा कमिटि गठन



◆ विकास संवाददाता

नेकपा एकीकृत समाजवादी (एस) ले थाहा नगरपालिका वडा नम्बर ७ मा भेला सम्पन्न गरेको छ । भेलाले पार्टीको ७ नम्बर वडा कमिटि गठन गरेको छ । नेकपा एसका बागमती प्रदेश कमिटी सदस्य कल्याण बिक्रम घलानको प्रमुख आतिथ्यमा भेला सम्पन्न भएको हो ।

भेलाले समन स्याङ्तानको अध्यक्षतामा १९ सदस्यीय वडा कमिटी गठन गरिएको छ । वडा कमिटिको उपाध्यक्षमा बिनोद कुमार स्याङ्तान सचिब निराजन गुरूङ र सहसचिव निर्मल राज घलान रहेका छन् । कार्यक्रममा नेकपा एस नगर अध्यक्ष सानुकाजी गोपाली, जिल्ला सचिवालय सदस्य तथा युवा संघ जिल्ला अध्यक्ष किरणमान बल, नगर सचिब हरि बहादुर लामाको आतिथ्यता रहेको थियो ।

# विजेता खेलाडीलाई थाहानगरको सम्मान

◆ विकास संवाददाता

थाहा नगरपालिकाले नगरका खेलाडीहरूलाई सम्मान गरेको छ। जिल्ला समन्वय समिती मकवानपुरको आयोजना तथा जिल्ला खेलकुद विकास समिति मकवानपुरको व्यवस्थापनमा १८ देखि २५ मंसिरसम्म हेटौंडामा सम्पन्न प्रथम अन्तरपालिका स्तरीय फुटबल प्रतियोगिताको विजेता थाहा नगरपालिकाको खेलाडी, प्रशिक्षक तथा व्यवस्थापकलाई नगरपालिका कार्यालय थाहा नगरले एक कार्यक्रमको आयोजना गरी सम्मान गरेको हो ।

नगर कार्यपालिका कार्यालय परिसर इन्द्राायणी चौरमा थाहा नगर खेलकुद विकास समितिका संयोजक राजेश केसीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा थाहा नगरका प्रमुख लवशेर बिष्ट, उपप्रमुख खड्गबहादुर गोपाली, नगरका प्रशासन महाशाखा प्रमुख अजित घिमिरे, थाहा नगरपालिकाका राजनैतिक सल्लाहकार विष्णु विष्ट 'आदर्श, नेकपा माओवादी केन्द्रका बिनोद लामा, राप्रपा थाहानगरका नवीन रायमाझी, एकीकृत समाजवादिका सानोकाजी गोपाली, नेकपा एमालेका सुजन रायमाझी, नेपाली काङ्ग्रेसका नवराज कार्की, थाहा ११ का अध्यक्ष किरणमान बल लगायतका उपस्तिथि रहेको थियो ।

सम्मान कार्यक्रममा फुटबल टिमका कप्तान सुमन विष्टले आफुहरूलाई कोचको व्यवस्था र नियमित प्रशिक्षण थप राम्रो खेल्न सक्ने बताउँदै यसको लागि पहल र व्यवस्थापन नगरपालिकाले गरिदिन आग्रह गरे । सम्मान कार्यक्रममा खेलाडीहरूलाई बधाई दिदै नगर प्रमुख लबशेर विष्टले जितले उत्साह थपिएको बताउँदै खेलाडीहरूको लागि कोचको व्यवस्थापन र प्रशिक्षणको व्यवस्था नगरले यहि पुस भित्रै गर्ने बताए । विष्टले खेलाडीहरूलाई शुभकामना दिए । कार्यक्रममा टिम प्रशिक्षक नरेन्द्र मोक्तान, टिम ब्यबस्थापक अनिल लामिछाने लगायत खेलाडीहरूलाई प्रशंसा प्रदान गरिनुका साथै बिजेता टोलीलाई नगरको मुख्य बजार क्षेत्र परिक्रमा गराइयको थियो ।



*‘खेलाडीहरुको लागि कोचको व्यवस्थापन र प्रशिक्षणको व्यवस्था नगरले यहि पुस भित्रै गर्ने’*

## NOVEL CORONA VIRUS (nCOV)
**सर्वसाधारणका लागि जनचेतनामुलक संदेश**

**नोवेल कोरोनाभाइरसका मुख्य लक्षणहरू**

- ज्वरो (१००.४°F भन्दा माथि)
- श्वास प्रश्वासमा अत्याधिक समस्या
- रुघा र खोकी

*“कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा आत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।”*

**नोवेल कोरोनाभाइरसबाट कसरी आफू र अरूलाई बचाउने?**

- नियमित रूपमा साबुन-पानीले हात धुने
- खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने
- यदि फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने
- फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने
- जंगली तथा घरेलु पशुपन्छी हरूसँग असुरक्षित सम्पर्कबाट टाढा रहने
- पशुजन्य मासु/अन्डा राम्रोसंग पाकेको मात्र खाने

**नोवेल कोरोना भाइरस भनेको के हो?**
यो नयाँ प्रजातिको भाइरस हो जुन मानव जातिमा पहिले पहिचान भएको थिएन। यस भाइरसले मानिस र पशुहरूमा संक्रमण गर्दछ । यस भाइरसले सामान्य रुघा खोकी देखि गम्भीर प्रकारको तीव्र श्वासप्रश्वास Severe Acute Respiratory Syndrome (SARS) सम्म गराउन सक्दछ ।

**के मानिसमा जनावरहरूबाट नोवेल कोरोना भाइरस संक्रमित हुन सक्दछ?**
नोवेल कोरोना भाइरस जनावरबाट मानिसमा संक्रमित भएको कुनै वैज्ञानिक आधार हाल छैन।

**के नोवेल कोरोना भाइरस र SARS एउटै हुन्?**
सन् २००३ मा देखिएको SARS र नोवेल कोरोना भाइरस एउटै प्रजातिका भाइरस हुन्। दुवै भाइरसले बिरामीलाई गम्भीर बनाउन सक्दछन्। सबैभन्दा महत्वपूर्ण कुरा, नोवेल कोरोना भाइरस मानिसहरू बीच सजिलै सर्न सक्दछ भनेर अझै पुष्टी भएको छैन।

**मानिस कसरी यो भाइरसबाट संक्रमित हुन सक्छ?**
मानिस कसरी यो भाइरसबाट संक्रमित भएका छन् भन्ने बारेमा आज सम्म बैज्ञानिक तवरले पुष्टी भएको छैन। हाल यस बिषयमा अनुसन्धान भइरहेको छ।

**के यो एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्दछ?**
अहिले निश्चितताका साथ भन्न सकिने अवस्था छैन। एउटै परिवारका सदस्यहरू बिरामी भएको पाइएकोले, मानव-मानव बीचमा सिमित तवरले सर्ने सम्भावना रहेको अनुमान गरिएको छ। साथै, परिवारका सदस्यहरू एकै स्रोतबाट संक्रमण भएको हुन सक्ने सम्भावना पनि रहेको छ।

**यस भाइरसको संक्रमणबाट कसरी बच्न सकिन्छ?**
सामान्यत: यस भाइरसको संक्रमण कसरी हुन्छ भन्ने बारेमा एकिन जानकारी छैन। तथापि रुघा, खोकी तथा श्वास प्रश्वासका बिरामीको नजिक नजाने तथा हातको सरसफाई नियमित गरेमा संक्रमणको सम्भावना कम रहन्छ।

**के कोरोना भाइरसको लागि उपचार छ?**
नोवेल कोरोना भाइरसले गर्दा हुने रोगको लागि कुनै खास उपचार छैन। यद्यपि यो भाइरसले निम्त्याएका धेरै लक्षणहरूको उपचार गर्न सकिन्छ, त्यसैले बिरामीको उपचार लक्षणको आधारमा गरिन्छ। साथै यस भाइरसको विरुद्ध हाललाई कुनै खोप उपलब्ध छैन।

**थाहा नगरपालिका**
**नगर कार्यपालिका कार्यालय, स्वास्थ्य शाखा, इन्द्रायणी चौर, मकवानपुर**

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी